जनमुखी पत्रकारिताको अभ्यास

जि.प्र.का.ड.द.नं.१४/०६७/६८, जि.हु.का.ड.द.नं. ३४/२०८२/८३

# लाल बिगुल

Lalbigul National Daily राष्ट्रिय दैनिक

वर्ष:- १५ | अंक:- ४० | २०८२ साल भाद्र १७ मंगलवार | ( September 2, 2025) | पृष्ठ संख्या:- ४ | मुल्य रु : ५।-


## पार्टीप्रतिको सकारात्मक माहोललाई संगठनमा बदल्न अध्यक्ष प्रचण्डको निर्देशन

बिगूल समाचार
१७ भाद्र २०८२



डडेल्धुरा । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले पार्टीका नेता तथा कार्यकर्ताहरूलाई जनसम्पर्क विस्तार र आत्मसमीक्षासहित संगठन निर्माणमा जुट्न निर्देशन दिनुभएको छ ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को सुदूरपश्चिम प्रदेश समिति सचिवालयको भर्चुअल बैठकलाई सम्बोधन गर्दै प्रचण्डले जनतामाझ पुन: विश्वास हासिल गरे पनि त्यसलाई संगठनमा रूपान्तरण गर्न नसके दीर्घकालीन उपलब्धि सम्भव नहुने बताउनुभयो । उहाँले सुदूरपश्चिममा देखिएको सकारात्मक संकेतको प्रशंसा गर्दै सबै नेता-कार्यकर्तालाई गाउँबस्तीमा पुगेर कमिटी निर्माण, विस्तार र प्रशिक्षणमा लाग्न आग्रह गर्नुभयो ।

प्रचण्डले पार्टीभित्र आत्मसमीक्षा र आलोचना-आत्मालोचनाको संस्कृतिलाई बलियो बनाउनुपर्ने आवश्यकता औंल्याउँदै हरेक कमरेडलाई विगतका कमजोरीहरूको गम्भीर समीक्षा गर्न निर्देशन दिनुभया । उहाँले सुदूरपश्चिमलाई माओवादी केन्द्रको लागि एक सम्भावनायुक्त प्रदेशको रूपमा चित्रण गर्दै क्रान्ति र शान्तिको दुवै समयमा यहाँका नेता तथा कार्यकर्ताहरूको ठूलो जमात रहेको र त्यसलाई व्यवस्थित, योजनाबद्ध, केन्द्रित र परिचालन गर्ने चुनौती रहेको बताउनुभयो ।

बैठकमा पार्टीका उपमहासचिव तथा सुदूरपश्चिम इन्चार्ज गिरिराजमणि पोखेलले प्रदेशको भावी रणनीति, सांगठनिक विस्तार र स्थानीय तहसम्मको पहुँचबारे कार्ययोजना प्रस्तुत गर्नुभएको थियो। उहाँले विशेष परिस्थितिलाई ध्यानमा राखेर जनसम्पर्क र संगठन सुदृढीकरणमा केन्द्रित हुने बताउनुभयो। अन्तमा, अध्यक्ष प्रचण्डले सकारात्मक माहोललाई संगठनमा बदलेर मात्र राजनीतिक सफलता हासिल गर्न सकिने निष्कर्ष प्रस्तुत गर्नुभयो ।

२०८२ साल भाद्र १६/१७/१८ गते भौतिक रूपमै बस्ने भनेको नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रको सुदुरपश्चिम प्रदेश समितिको बैठक पार्टीका आन्तरिक कार्यक्रम र महिलाको राष्ट्रिय सम्मेलन लगायतका केन्द्रिय गतिबिधिका कारण भर्चुअल रूपमा बस्नु परेको पार्टी प्रदेश सचिव जनक बुढाले बताए । उनले भने दशौ पछाडी मध्यपहाडी लोकमार्गको अभियान सकिन्ने वित्तिकै अध्यक्ष कमरेड प्रचण्डको भौतिक उपस्थितिमा सुदुरपश्चिम प्रदेशको बैठक बोलाएर प्रत्यक्ष संवाद गरिने छ । सोमबार विहान ९ बजे बसेको पार्टीको भर्चुअल बैठक दिउसो १२ बजे समापन भएको थियो ।

## डडेल्धुरामा मुसलधारे वर्षा, भागेश्वर गाउँपालिकाद्धारा आपतकालीन सूचना आह्वान

बिगूल समाचार
१७ भाद्र २०८२




डडेल्धुरा, भदौ १६ । सुदूरपश्चिम प्रदेशमा निरन्तर वर्षासँगै महाकाली लगायतका खोलानाला र नदीमा पानीको बहाव बढ्ने पूर्वानुमान भएपश्चात् डडेल्धुराको भागेश्वर गाउँपालिकाले उच्च सतर्कता अपनाउन सबैमा अनुरोध गरेको छ । गाउँपालिकाले २०८२ भदौ १६ गते रातिदेखि १७ गतेसम्म सामान्य देखि भारी वर्षा हुने सम्भावना रहेकाले विशेष सावधानी अपनाउन आग्रह गरेको हो । नदी तथा खोलामा पानीको सतह बढ्ने, बाढी पहिरोको जोखिम उच्च हुने र यसले जनधनको क्षति हुनसक्ने भएकाले स्थानीय वासीलाई उच्च सतर्कतासहित सुरक्षित स्थानमा बस्न अनुरोध गरिएको छ ।

गाउँपालिकाले विपद् व्यवस्थापन समितिलाई सक्रिय रहन, वडा कार्यालयहरू, स्थानीय प्रशासन, प्रहरी तथा सम्बन्धित निकायसँग निरन्तर समन्वयमा रहन आग्रह गरेको छ। विपद् सम्बन्धी कुनै घटना घटेमा वा समस्या उत्पन्न भएमा तत्काल पालिकास्तरीय विपद् व्यवस्थापन समिति, स्थानिय प्रहरी कार्यालय, वडा कार्यालय वा सम्बन्धित निकायमा जानकारी गराउन पनि अनुरोध गरिएको छ ।

गाउँपालिकाका अध्यक्ष हेमराज चटौतको हस्ताक्षरमा जारी सूचनामा भनिएको छ, "अत्यावश्यक काम बाहेक घर बाहिर ननिस्कनुहुन साथै उच्च सतर्कता अपनाउन सबैमा अनुरोध गर्दछौं ।"


## भागेश्वर गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- ब्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**भागेश्वर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बगरकोट, डडेल्धुरा**



## अजयमेरु गाउँपालिका डडेल्धुराको अनुरोध



- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- ब्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।



**अजयमेरु गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भद्रपुर, डडेल्धुरा**


## दार्चुलाको नौगाड खोलामा अटोरिक्सा दुर्घटना हुँदा एक बालिकाको मृत्यु दुई बेपत्ता

बिगूल समाचार
१७ भाद्र २०८२

दार्चुला । दार्चुलामा अटोरिक्सा दुर्घटना हुँदा एक बालिकाको मृत्यु भएको छ भने दुई जना बेपत्ता भएका छन् ।

नौगाड गाउँपालिका-५ को शौकेबगर मा नौगाड खोलामा म १ ह ११४८ नम्बरको अटोरिक्सा खसेर दुर्घटना भएको हो। दुर्घटनामा परी ११ वर्षीया अरुणा धामीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक तथा सूचना अधिकारी छत्रबहादुर रावतले जानकारी दिए । उनका अनुसार दुर्घटनामा दुई जना बेपत्ता भएका छन्। होपरीगाडबाट धुलिगडातर्फ जाँदै गरेको उक्त अटोरिक्सामा पाँच जना सवार थिए । प्रहरीले अटोरिक्सा चालक मनिराम भुललाई नियन्त्रणमा लिएको छ। चालकका १७ वर्षीय छोरा आयुस दुर्घटनामा घाइते भएका छन् र उनको गोकुलेश्वर अस्पतालमा उपचार भइरहेको छ। बेपत्ता भएकाको पहिचान भने खुल्न सकेको छैन। बेपत्ताको खोजीका लागि धुलिगडा र होपरीगाडबाट प्रहरी टोली घटनास्थलमा पुगेको छ ।

## सम्पादकीय

### लिपुलेक विवादमा नेपालको सक्रियता : अन्तर्राष्ट्रियकरणतर्फको संकेत

नेपालको भूभाग कलापानी, लिम्पियाधुरा र लिपुलेक विगत लामो समयदेखि विवादको केन्द्र बनेको छ। सन् १८१६ को सुगौली सन्धिअनुसार महाकाली नदीको पूर्वपट्टि पर्ने सम्पूर्ण भूभाग नेपालको भएको प्रष्ट प्रमाण भए पनि व्यवहारमा भारतले कब्जा जमाइरहेको अवस्था छ। यस विषयमा नेपालले निरन्तर कूटनीतिक पहल गर्दै आएको छ, तर हालै चीन भ्रमणमा रहेका प्रधानमन्त्री केपी शर्मा ओलीले राखेको प्रस्ताव यसलाई नयाँ मोडमा पुऱ्याएको देखिन्छ।

प्रधानमन्त्री ओलीले चिनियाँ राष्ट्रपति सी जिनपिङसँगको भेटमा नेपालको ऐतिहासिक अधिकार स्पष्ट गर्दै चीनसँग सहयोगको आग्रह गरेका छन्। नेपालले अघिल्लो वर्षसम्म भारतसँग मात्र यो मुद्दा उठाउँदै आएको भए पनि यसपटक चीनलाई समेत प्रत्यक्षरुपमा संलग्न गराउन खोज्नु उल्लेखनीय कदम हो। नेपालले लिपुलेकलाई भारत–चीन व्यापारिक नाका बनाउन गरिएको सहमतिप्रति २०७५ यतादेखि नै आपत्ति जनाउँदै आएको छ। यद्यपि, यसअघि आपत्ति कूटनीतिक नोटमा सीमित रह्यो। तर अब प्रधानमन्त्रीको पहलले कब्जा भएको भूमि फिर्ता गर्ने प्रश्नलाई अन्तर्राष्ट्रिय शक्तिसँग प्रत्यक्ष संवादमार्फत जोडेको छ।

राष्ट्रपति सीले दिएको प्रतिक्रिया पनि अर्थपूर्ण छ। उनले नेपालले दाबी गरेको भूभागप्रति कुनै फरक दृष्टिकोण नराख्ने उल्लेख गर्दै, यो विवाद नेपाल र भारतबीचको वार्ताबाट समाधान होस् भन्ने चाहना व्यक्त गरेका छन्। तर वार्ताले निष्कर्ष दिन नसके चीन सहयोग गर्न तयार हुने संकेत समेत दिएका छन्। यसरी, चिनियाँ समर्थनले भारतमाथि स्वभाविक दबाब सिर्जना गरेको छ।

नेपालले तत्काल अपेक्षा गरेको कुरा भने लिपुलेक व्यापारिक नाका सञ्चालन स्थगित गरिदिनु हो। यदि चीनले यसलाई स्थगित गऱ्यो भने ओलीको भ्रमणलाई सफल मानिनेछ। यससँगै नेपालले अर्को विकल्पका रुपमा यो विवादलाई अन्तर्राष्ट्रियकरण गर्ने बाटो रोज्न सक्छ। विज्ञहरूको सुझावअनुसार भारतसँग संवाद नपुग्ने अवस्था लामो समय रह्यो भने अन्तर्राष्ट्रियकरण अपरिहार्य बन्छ। ढिलाइ हुँदा भारतको अतिक्रमण संस्थागत हुँदै जाने चिन्ता स्वाभाविक हो।

प्रधानमन्त्री ओलीको चीन भ्रमणपश्चात् छिट्टै हुने भारत भ्रमण थप महत्वपूर्ण बन्नेछ। भारतले हालै वार्ताबाट विवाद समाधान गर्न सकिने प्रतिक्रिया दिएको छ, जसले अवसर सिर्जना गरेको छ। तर त्यो अवसरलाई नेपालले वास्तविक एजेन्डामा रूपान्तरण गर्न सक्नुपर्छ। प्रधानमन्त्रीले वार्ताको तालिकामा कालापानी–लिम्पियाधुरा मुद्दा प्रवेश गराउन सके, भारत भ्रमण पनि सफलता मानिनेछ।


यो विवाद केवल सीमा मुद्दा मात्र नभई नेपालको सार्वभौमसत्तासँग जोडिएको प्रश्न हो। नेपालको अडान, प्रमाण र ऐतिहासिक आधार सबै सबल छन्। यसलाई अन्तर्राष्ट्रिय समुदायले पनि बुझ्ने आधार प्रशस्तै छ। तर त्यसका लागि नेपाल आफैंले सक्रियता देखाउनुपर्छ। यस पटक चीनसँग प्रत्यक्ष कुरा राखिएको कदमलाई परिपक्व मान्न सकिन्छ।

अब नेपालले दुईवटा बाटोमा जोड दिनुपर्छ–पहिलो, भारतसँग उच्चस्तरीय वार्ता मार्फत निष्कर्षमा पुग्ने प्रयास; दोस्रो, आवश्यक परे अन्तर्राष्ट्रियकरण गर्ने तयारी। यी दुई विकल्पसँगै लिपुलेक, कालापानी र लिम्पियाधुरा फिर्ता ल्याउने अभियान थप प्रगाढ बन्न सक्छ। यसरी हेर्दा, नेपालको अडान प्रशंसनीय मात्र नभई रणनीतिक रुपमा पनि सही दिशामा अघि बढेको देखिन्छ।


व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।

परशुराम नगरपालिका
वडा नं. ९ को कार्यालय
डडेल्धुरा


# एउटा घूस नखाने पार्टीको प्रस्तावना



**दिनेश रायमाझी**

नेकपा (एस) का महासचिव घनश्याम भुसालले देश बनाउनका लागि घूस नखाने पार्टी बनाउनुपर्ने कुरालाई जोड दिँदै यसलाई राष्ट्रिय बहसको मुद्दा बनाउन कोसिस गरिरहेका छन्। केही दिन पहिले बुटवलमा भएको एउटा सार्वजनिक अन्तर्क्रिया कार्यक्रममा उनले यो कुरालाई विशेष जोड दिएर उठाएका थिए। तर उनले आफ्नो पार्टीलाई घूस नखाने पार्टी बनाउन कुनै पहल गरेको भने देखिँदैन। उनी अहिलेसम्म केवल धारणामा सीमित छन्। बरु नेकपा (सी) ले आफ्नो नेता, महासचिव विप्लवको नेतृत्वमा, घूस नखाने पार्टी निर्माण गर्ने प्रकिया सुरु गरिनैसकेको छ। सबै सदस्यहरूलाई उत्पादन कार्यमा सहभागी बनाउने, नैतिक जीवनशैली अपनाउने, व्यापारीहरूबाट चन्दा नउठाउने, कमिसन नलिने र आफ्नै स्रोतबाट पार्टी सञ्चालन गर्ने जस्तो विधि अपनाएर अघि बढ्ने प्रयास सुरु गरिसकेको छ।

हामीले देखेँ आइरहेको कुरा के हो भने देशका अधिकांश नेताहरूको देखिने आम्दानीको स्रोत केही छैन। तर उनीहरूको जीवनशैली तुलनात्मक रूपले सुविधाजनक नै रहेको छ। लगभग सबै नेताका सहरमा घर छन् अथवा नभए महँगो डेरामा बसेका छन्। छोराछोरीहरूलाई निजी विद्यालयमा वा विदेशमा पढाएका छन्। प्रायः सार्वजनिक बसमा होइन हवाइजहाज र ट्याक्सीमा यात्रा गर्छन्। कुनै पनि भेला तथा कार्यक्रम, गुटका भेला तारे होटेलमा गर्छन्। यी कुराहरूले आर्थिक अपारदर्शिता व्याप्त रहेको कुरालाई इंगित गर्छ। नियमित आम्दानीको स्रोतबिना यस्तो कसरी सम्भव हुन्छ? देशको राजनीतिक परिदृश्यमा भ्रष्टाचार एक प्रमुख समस्याको रूपमा रहेको छ। राजनीतिक दलहरूलाई चुनाव लड्न, पार्टी सञ्चालन गर्न तथा नेताहरूलाई आफ्नो व्यक्तिगत खर्च जुटाउनका लागि ठूलो रकम आवश्यक पर्छ।

यस्ता खर्चहरू जुटाउन पार्टीले नै वा नेताहरूले पदमा भएको बेला व्यक्तिगत तवरमै घूस खाने, अपारदर्शी तरिकाले चन्दा (एमालेले भाटभटेनीको साहुबाट लिएजस्तो) लिने, व्यापारी तथा दलालहरूबाट कमिसन लिने तथा विभिन्न तरिकाबाट राज्यस्रोतको दुरुपयोग गर्ने गरेको कुरा कसैका आँखाबाट छिपेको छैन, सबै सामान्य (न्यु नर्मल) जस्तै छ। यस लेखमा हाम्रो जस्तो देशमा घूस नखाने पार्टी बनाउनका लागि आइपर्ने आर्थिक, राजनीतिक, सामाजिक र कानुनी चुनौतीहरूको बारेमा छोटकरीमा चर्चा गरिनेछ।

### घूस नखाने पार्टीको अवधारणा

कस्तो पार्टीलाई घूस नखाने पार्टी भन्ने ? अपवादबाहेक नेपालका सबैजसो राजनीतिक पार्टी र तिनका नेताहरूमाथि ठूलुला भ्रष्टाचारका आरोप लागेको पाइन्छ। कतिपय नेताहरू अदालतबाट भ्रष्टाचारी ठहर भएर जेलमा परेका छन् भने कतिपयले भ्रष्टाचारको मुद्दा खेपिरहेका छन्। ट्रान्सपरेन्सी इन्टरनेसनलको २०२४ को रिपोर्टअनुसार नेपाल संसारमा भ्रष्टाचार गर्ने देशहरूको सूचीमा ११०औं स्थानमा रहेको छ। यो सूचकांकले पनि राजनीतिक क्षेत्रमा भ्रष्टाचार व्याप्त रहेको र यसको गहिरो प्रभाव देशको राजनीतिमा रहेको कुरालाई जनाउँछ।

हामी सबै नेपाली जनताले बुझ्नेगरीभन्दा घूस नखाने पार्टी भनेको राज्यस्रोतको दुरुपयोग नगरी, कुनै अनैतिक चन्दा वा दान नलिई, डर र धम्की दिएर कुनै किसिमको असुली धन्दा नचलाई र वैधानिक तथा नैतिक स्रोतबाट सञ्चालन हुने राजनीतिक पार्टी हो। यस्तो पार्टीको वित्तीय व्यवस्थापन पारदर्शी रहेको हुन्छ। भारतको आमआदमी पार्टी यस्तो पार्टीको एउटा उदाहरण हो। नेपालमा पनि उज्ज्वलविक्रम थापाको नेतृत्वमा रहेको तत्कालीन विवेकशील साझा पार्टीलाई यस्तो चरित्र भएको पार्टीको रूपमा लिन सकिन्थ्यो। तर अहिले यस्तो चरित्र बोकेको राजनीतिक पार्टी छैन। केही स्वतन्त्र उम्मेदवारहरूले पनि यस्तो अर्थात् घूस नखाने व्यक्ति बन्ने प्रयास गरेको देखिन्छ। तर ठूला दलहरूको अगाडि यिनीहरू कोही पनि टिक्न सकेका छैनन्, जुन सम्भव पनि छैन। सबैखाले चुनावहरूमा करोडौं खर्च हुन्छ, पार्टी चलाउन ठूलो खर्च लाग्छ, जसलाई जुटाउनका लागि सबैजसो पार्टीहरूले, नेताहरूले देशका ठूला साना सबै व्यापारी, उद्योगी, बिचौलिया तथा ठेकेदारहरूबाट कमिसन लिन्छन्, घूस लिन्छन्, असुली गर्छन् वा राज्यकोषको दुरुपयोग गर्छन्। यस्तो हुन नदिन घूस नखाने, भ्रष्टाचार नगर्ने पार्टी बनाउनु पर्छ। तर के हाम्रा नेताहरू यस्तो घूस नखाने पार्टी अर्थात बुद्धले भनेजस्तो नैतिक राजनीति गर्न सक्लान्? मूल प्रश्न यो हो।

### घूस नखाने पार्टी निर्माणका आधारभूत कुराहरू

घूस नखाने पार्टी बनाउनका लागि पहिलो आधार हो, आर्थिक पारदर्शिता। के अहिलेका दल र नेताहरूको आर्थिक क्रियाकलाप पारदर्शी छ त? त्यस्तो देखिन्न। हवाइजहाजमा यात्रा गर्ने खर्च, होटेलमा कार्यक्रम गर्ने खर्च, महँगो खानपानको खर्चको स्रोत के हो? नेताहरूले राज्यलाई आफ्नो सम्पत्ति विवरणसमेत नबुझाइरहेको अवस्था छ। आर्थिक पारदर्शिता कायम गर्ने मेकानिज्म नबनाई घूस नखाने पार्टी बनाउन सकिन्न। सबै राजनीतिक दलहरू र नेताहरूले पनि आफूलाई प्राप्त हुने चन्दा तथा सहयोगहरू, पार्टी सञ्चालनमा हुने खर्चहरू र स्रोतहरू सार्वजनिक गर्नैपर्ने कडा परिपाटी बनाएर पारदर्शिता कायम गर्नुपर्छ।

नेपालको निर्वाचन आयोगले पनि सबै राजनीतिक पार्टीहरूको वित्तीय विवरण अनिवार्य रूपले सार्वजनिक गर्नुपर्ने भनेको छ। तर त्यो व्यवहारमा कार्यान्वयन भएको अवस्था छैन, निर्वाचन आयोगको नियमलाई सबै पार्टीहरूले धोती लगाइदिएका छन्। जुनसुकै पार्टीहरू पनि चल्ने भनेको पार्टीको सदस्यता शुल्क (जसलाई लेवी भनिन्छ) बाट पनि हो। सबै पार्टीहरूले आफ्ना सदस्यहरूबाट वार्षिक सदस्यता शुल्क उठाउने गरेका छन्। तर त्यसको पारदर्शी विवरण राख्ने गरेको देखिन्न।

नेताहरूले पनि महँगो घर भाडामा नबस्ने, महँगो प्लेनको यात्रा नगर्ने, सार्वजनिक स्थलहरूमा सभाहरू गरेर खर्च कम गराउन सकिन्छ। नेताहरूले नैतिक र सरल राजनीति अँगालेको लागि व्यक्तिगत आय बढाउन कुनै एउटा व्यवसाय वा पेसा अँगाल्नुपर्छ ताकि पार्टीलाई आर्थिक भार कम हुन सकोस्। खर्च घटाउन पार्टीका कार्यक्रमहरू पैसा तिरेर होटेलहरूमा सञ्चालन गर्नुको सट्टामा पैसा नलाग्ने वा लागे पनि कम लाग्ने सामुदायिक स्थानहरू गर्न सकिन्छ। यस्तो गर्न सक्दा पार्टीलाई पर्नसक्ने आर्थिक भार लाई कम गराउन सकिन्छ।

### खर्च जुटाउने वैकल्पिक तरिकाहरू

अधिकांश पार्टी सञ्चालन खर्चको ठूलो हिस्सा घूस वा अनियमित तरिकाले आर्जन गरेको धनमा निर्भर रहेको कुरामा दुईमत छैन, यो खुला गोप्य हो। सबै राजनीतिक पार्टीहरूले पार्टी सञ्चालनार्थ छुट्टै सार्वजनिक कोषको स्थापना गर्नुपर्छ र त्यही कोषमार्फत खर्च गर्नुपर्छ। यसले आर्थिक अनुशासन र पारदर्शिता ल्याउँछ। विश्वका कैयौं देशहरूमा सरकारले राजनीतिक पार्टीहरूलाई उनीहरूले चुनावमा प्राप्त गरेको मत संख्याका आधारमा आर्थिक अनुदान उपलब्ध गराउने गरेको पाइन्छ। नेपालमा पनि निर्वाचन आयोगले यस्तो प्रावधान लागू गर्न सक्छ। तर हालसम्म यस्तो व्यवस्था गरिएको छैन।

यस्तो गर्दा पनि भ्रष्टाचार तथा कमिसनखोरी प्रवृत्तिलाई कम गराउन सहयोग मिल्छ। आफ्नो सदस्य संख्या बढाएर लेवीमार्फत पनि कोष बनाउन सकिन्छ। जस्तो यदि लाखौं सदस्य बनाउन सकियो भने वार्षिक १०० रुपैयाँ मात्रै शुल्क उठाउँदा पनि करोडौं रकम संकलन हुन सक्छ। चन्दा वा सहयोगमा निश्चित सीमा र खेर ठूला दाताहरूको प्रभावलाई पनि रोक्न सकिन्छ। क्राउडफन्डिङ र अनलाइन सहयोग माग गरेर पनि पार्टी सञ्चालनको निम्ति रकम संकलन गर्न सकिन्छ। वैधानिक व्यवसायहरू जस्तो दलहरूले सहकारी वा सामाजिक उद्यम सञ्चालन गरेर आयआर्जन गर्न सकिन्छ। तर, यसलाई भ्रष्टाचारको माध्यम नबनोस् भन्नका लागि उच्च पारदर्शिता कायम राख्न सक्नुपर्छ। तर यहाँ यस्तो लेठो लिने काम कसले गर्ने? चन्दा लिने, धन्दा दिने जस्तो सजिलो उपाय त्याग्न धेरै कठिन छ।

### के के छन् चुनौतीहरू ?

यी आधारहरूमा निर्भर रहेर घूस नखाने पार्टी बनाउन सम्भव भए पनि यहाँ चुनौतीहरू भने प्रशस्त छन्। विश्वका अन्य विकासोन्मुख देशहरूमा जस्तै नेपालका राजनीतिक दलहरूको अस्तित्वको आधार पनि भ्रष्टाचार, कमिसन, र घूस नै हुन्। ललिता निवास, यति, ओम्नी, गिरिबन्धु, टेरामक्स, भुटानी शरणार्थी, भिजिट भिसा, इम्बोस्ड नम्बर प्लेटजस्ता काण्डहरू राजनीतिक पार्टीहरूले पैसा जम्मा गर्न घटाएका भ्रष्टाचारका केही नमुना मात्रै हुन्। घूस नखाने पार्टी बनाउन निम्न चुनौतीहरू प्रमुख हुन्।

पार्टी सञ्चालन गर्न आइपर्ने सबैभन्दा ठूलो चुनौती हो पर्याप्त कोष जुटाउनु। नेपालमा हुने कुनै पनि चुनावमा करोडौं खर्च हुन्छ। स्कुलको सञ्चालक समितिको अध्यक्ष, वन उपभोक्ता समितिको अध्यक्षको चुनावमा समेत लाखौं रुपैयाँ खर्च हुन्छ र उस्तै परे गोलीसमेत चल्छ। निर्वाचन आयोगका अनुसार २०२२ को चुनावमा दलहरूले आधिकारिक रूपमा रिपोर्ट गरेको भन्दा कति हो कति गुणा धेरै पैसा चुनावको दौरानमा खर्च गरेका थिए। ती सबै खर्चहरू अन्डर टेबल प्राप्त, अनियमित स्रोतहरूबाट प्राप्त भएको कुरामा शंका छैन। घूस नखाने दलले थोरै चन्दा सहयोगमा चल्नुपर्ने हुन्छ जुन असम्भव छ।

नेपालमा जनताको आर्थिक स्थिति कमजोर छ। अधिकांश जनता गरिबीमा छन्, जसले चन्दा दिन वा पैसाको सहयोग गर्न सक्दैनन्। नेपालका अधिकांश राजनीतिक पार्टीहरूमा ठूला दाताहरूको प्रभाव र हेको छ। भाटभटेनीको मालिकले करोडौंको सहयोग गरेर एमालेको पार्टी कार्यालय निर्माण गरिदिने कुराले व्यापारी र राजनीतिक दल र तिनका नेताहरूको बीचको अपारदर्शी सम्बन्धलाई उजागर गर्छ। अन्य व्यापारीहरूले पनि यस्तै गरेर आफ्नो प्रभाव बनाइराख्छन्। ठूलो स्केलमा चन्दा दिनेले स्वभाविक रूपमा नीतिगत तहमा प्रभाव पार्न सक्छ। ठूलो स्केलमा चन्दा वा सहयोग दिएर नीतिगत निर्णयमा हस्तक्षेप गर्ने तौरतरिकालाई ट्रान्सपरेन्सी इन्टरनेसनलले 'स्टेट क्याप्चर'को संज्ञा दिएको छ। नेपालमा ठेकेदारहरूले दलहरूलाई कमिसन दिएर ठेक्का लिने चलन नै छ। घूस नखाने दलले यस्ता चन्दा तथा सहयोग अस्वीकार गर्दा कोष अभाव हुन्छ, त्यसकारण यो चुनौतीलाई चिर्न मुस्किल छ।

पार्टी सञ्चालनको दैनिक खर्च पनि चुनौती हो। होटलमा गरिने बैठकहरू, गुट गतिविधि र यात्राका लागि लाखौं चाहिन्छ। यस्ता खर्चहरू पनि बिचौलिया दलालहरूले नै बेहोर्ने गरेको कुरा कसैबाट छिपेको छैन। यदि कुनै दलले खर्च नगरी चुनाव लड्छु भन्छ भने पनि प्रतिस्पर्धी दलहरूले पैसाको बलमा तिनीहरूलाई चुनावमा हराइदिन सक्छन्। घूस नखाने दल बनाएर चुनावमा गएर जित्न धेरै कठिन छ। कार्यकर्ता तथा भोटरलाई पेट्रोल, खाना, नास्ता आदिको व्यवस्था अनैतिक आर्जन भए मात्रै गर्न सकिन्छ।

नेपालको राजनीतिक संस्कृति भ्रष्टाचारमा आधारित छ


## पाटन नगरपालिका बैतडीको जनहितमा जारी सन्देश

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो। बाल श्रमको प्रयोग नगरौं। हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताको अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन बैतडी

## डडेल्धुरा जिल्ला केहि महत्वपूर्ण नम्बरहरु

| | |
|---|---|
| लाल बिगूल दैनिकः- | ९८५८७५१६००/९८०५५९९७५० |
| जिल्ला प्रशासन कार्यालय डडेल्धुराः- | ०९६-४२०१३३/४२०५५५ |
| जिल्ला अदालत डडेल्धुराः- | ०९६-४२०१३०/४२०४८३ |
| जिल्ला समन्वय समिति डडेल्धुराः- | ०९६-४१०१४४ |
| जिल्ला प्रहरी कार्यालय डडेल्धुराः- | ०९६-४२०१९९/४२०१७६ |
| रणबम गण दहब्यारेक डडेल्धुराः- | ०९६-४२०२००/४२०५०० |
| राष्ट्रिय अनुसन्धान कार्यालय डडेल्धुराः | ०९६-४२०१७७ |
| रा.प्र.ब. नेपाल ५२ नं. गुल्म हेडक्वाटरः- | ९८५१२७२५१३ |
| डडेल्धुरा अस्पताल डडेल्धुराः- | ०९६-४१०२४५/४२०१६५ |
| शिक्षा विकास तथा समन्वय इकाई डडेल्धुराः- | ०९६-४२०१३५ |
| भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र डडेल्धुराः- | ०९६-४१०११४ |
| खनेपानी तथा सरसफाई डिभिजन कार्यालय डडेल्धुराः- | ०९६-४१०१५० |
| स्वास्थ्य कार्यालय डडेल्धुराः- | ०९६-४१०११८/४१०२३८ |
| डिभिजन बन कार्यालय डडेल्धुराः- | ०९६-४२०१४५ |
| जिल्ला सरकारी वकिल कार्यालय डडेल्धुराः- | ०९६-४२०२३७ |
| जलस्रोत तथा सिचाई डिभिजन कार्यालय डडेल्धुराः- | ०९६-४१०१२५ |
| कृषि ज्ञान केन्द्र डडेल्धुराः- | ०९६-४१०११२ |
| भू- तथा जलाधार व्यवस्थापन कारयालय डडेल्धुराः- | ०९६-४१०११५ |
| मालपोत कार्यालय डडेल्धुराः- | ०९६-४१०१७१ |
| नापी कार्यालय डडेल्धुराः- | ०९६-४१०१६७ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय डडेल्धुराः- | ०९६-४१०१७७ |
| जिल्ला आयुर्वेदिक स्वास्थ्य केन्द्र डडेल्धुराः- | ०९६-४१०१०६ |
| घरेलु तथा साना उद्योग कार्यालय डडेल्धुराः- | ०९६-४१०१६४ |
| तरकारी विउ उत्पादन केन्द्र डडेल्धुराः- | ०९६-४२०१७५ |
| जिल्ला निर्वाचन कार्यालय डडेल्धुराः- | ०९६-४१०१५४ |
| जिल्ला हुलाक कार्यालय डडेल्धुराः- | ०९६-४२०१४१ |
| शाखा तथ्याङ्क कार्यलय डडेल्धुराः- | ०९६-४१०१८५ |
| जल तथा मौसम विज्ञान विभाग डडेल्धुराः- | ०९६-४२०२२१ |
| डडेल्धुरा कारागार शाखाः- | ०९६-४१९२१५ |
| जिल्ला खेलकुद समिति डडेल्धुराः- | ९८४८७२८२६३ |
| यातायात कार्यालय डडेल्धुराः- | ०९६-४२०२४१ |
| सामाजिक विकास कार्यालय डडेल्धुराः- | ९८५८७८३२३२ |
| अमरगढी नगरपालिका डडेल्धुराः- | ०९६-४१०२२२ |
| परशुराम नगरपालिका डडेल्धुराः- | ०९६-४११००४ |
| अजयमेरू गाउँपालिका डडेल्धुराः- | ९८५५७८५५५० |
| गन्यापधुरा गाउँपालिका डडेल्धुराः- | ९८५८७८८७०७ |
| आलिताल गाउँपालिका डडेल्धुराः- | ९८५८७८१०२० |
| भागेश्वर गाउँपालिका डडेल्धुराः- | ९८४१९६३८९६ |
| नवदुर्गा गाउँपालिका डडेल्धुराः- | ९८५८७४५४३० |
| प्रधानमन्त्री कृषि आधुनीकरण परियोजनाः- | ०९६-४१००९२ |
| आन्तरिक राजश्व कार्यालय डडेल्धुराः- | ०९६-४१०३०८ |
| खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयः- | ९८५८७७५००४ |
| पूर्वाधार विकास कार्यालय डडेल्धुराः- | ०९६-४१००६१ |
| राष्ट्रिय परीक्षा बोर्ड डडेल्धुराः- | ०९६-४२०२१३/४२०२१४ |
| नेपाल विद्युत प्राधिकरण डडेल्धुराः- | ०९६-४२०२४५/४२०४७५ |
| दुरसञ्चार कार्यालय डडेल्धुराः- | ०९६-४२०१०८ |
| साल्ट ट्रेडिङ्ग डडेल्धुराः- | ९८४८८०५५८२ |
| जोगबुढा अस्पताल लालढुङ्गा डडेल्धुराः- | ०९६-४११००८ |
| इलाका प्रशासन कार्यालय जोगबुढा डडेल्धुराः- | ०९६-४११०७२ |
| डडेल्धुरा उग्रतारा यातायात प्रा.लि. डडेल्धुराः- | ०९६-४२००६३ |
| बिजुली बस सेवा प्रा.लि. डडेल्धुराः- | ९८५८७५३०५५ |
| डडेल्धुरा सार्वजनिक पुस्तकालय डडेल्धुराः- | ०९६-४२०३५३ |
| जिल्ला रेडक्रस ब्लडका लागिः- | ९८४७०९०१७४ |
| एम्बुलेन्स डडेल्धुरा अस्पतालः- | ०९६-४१०१६५ |
| उद्योग विणिज्य संघ डडेल्धुराः- | ०९६-४२०६११ |
| बहुउद्देश्यीय विकास समाज डडेल्धुराः- | ०९६-४१००१३ |
| रुडुक डडेल्धुराः- | ०९६-४१०४०२ |
| महिला मुक्ति समाज डडेल्धुराः- | ०९६-४२०३८९ |
| एकीकृत विकास समाज डडेल्धुराः- | ०९६-४२०१७९ |
| हरमस नेपालः- | ०९६-४२०१४७ |
| नेपाली काङ्ग्रेस डडेल्धुराः- | ०९६-४२०१६९ |
| नेकपा एमाले डडेल्धुराः- | ०९६-४१०१०५ |
| नेकपा (माओवादी केन्द्र) डडेल्धुराः- | ९८५११५१००८ |
| राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) | ९८४९७११५३८ |
| नेकपा एकीकृत समाजवादी डडेल्धुराः- | ९८५८७५१४३५ |
| डडेल्धुरा बहुमुखी क्याम्पस डडेल्धुराः- | ०९६-४१०१८९ |
| त्रिवेणी बहुमुखी क्याम्पस जोगबुढाः- | ९८५८७८६२५८ |
| भिमदत्त बहुमुकी क्याम्पस डडेल्धुराः- | ०९६-४२०७५० |
| मिहेन्द्र मा.वि. डडेल्धुरा :- | ९८४८७६६०३० |
| न्यू कैलपाल अप्सेट प्रेस, डडेल्धुरा :- | ०९६-४१०११६ |

**तपाईको ठाउँमा हुने हरेक घटना समाचार बन्न सक्छन् त्यसैले तपाईहरूको साथी लाल बिगूल राष्ट्रिय दैनिकलाई सम्भिनु होला।**

## घूस नखाने पार्टीको प्रस्तावना ..............

नेपाली कांग्रेस, एमाले र माओवादी जस्ता ठुला पार्टीहरू घूस, कमिसन, भ्रष्टाचार र राज्य स्रोतको दुरुप्रयोग गरेर टिकेका छन् । घूस नखाने दलहरूलाई यिनीहरूसँग प्रतिस्पर्धा गर्न धेरै गाह्रो हुन्छ । चुनावमा पैसा खर्च गरेर मत किन्ने चलन नै छ । यस्तो भनेर जनताको अपमान गर्न खोजेको होइन तर यो अहिलेको यथार्थ हो । यस्तो कार्यले घूस खान हुन्न भन्ने, पारदर्शीता अपनाउनुपर्छ भन्ने पार्टीलाई पछि पार्छ, रोक्छ । राजनीतिक दलहरूको आन्तरिक गुटबाजी पनि घूस नखानको निम्ति ठुलो चुनौतीको रूपमा रहेको छ ।सबै राजनीतिक पार्टीहरूभित्र नेताहरूका बेग्लाबेग्लै गुटहरू अस्तित्वमा छन् । उनीहरूका गुटका गतिविधिहरू सञ्चालन गर्नका लागि छुट्टै खर्च चाहिन्छ । यस्तो खर्च जुटाउन घूस लिने, कमिसन खाने, तथा भ्रष्टाचार गर्नुको विकल्प छैन । अर्थात् सबै दलहरूमा गुटबाजी सामान्य छ र भ्रष्टाचार पनि सामान्य छ । राजनीतिक अस्थिरता पनि अर्को ठुलो समस्या हो घूस नखाने पार्टी बनाउनको निम्ति राजनीतिक अस्थिरताको कारण नेपालमा गणतन्त्रदेखि अहिलेसम्ममा १०औँपटक सरकारहरू परिवर्तन भएका छन् । सरकार बनाउन वा सरकार टिकाउन जोसुकैलाई पनि मन्त्रिमण्डलमा सामेल गराउने, भ्रष्टाचार गर्न छुट दिने वा कारबाही नगर्ने जस्ता प्रवृत्तिहरू मौलाएका छन्

यस्तो कार्यले देशमा भ्रष्टाचारलाई बढाउँछ तथा घूस नखाने दल बनाउने उद्देश्यलाई चुनौती दिन्छ । नेपाली समाजमा जुनसुकै तरिकाले धन कमाएको भए पनि त्यो मानिसलाई ठुलो वा भद्र मान्ने चलन छ । त्यसैले भ्रष्टाचारलाई पनि यहाँ सामान्य नै मानिन्छ । यस खालको संस्कृतिले अनैतिक तरिकाले धन आर्जन गर्न बल पुर्याइरहेको छ । ट्रान्सपरेन्सी इन्टरनेसनलका अनुसार नेपालका राजनीतिक पार्टीहरू अन्य सबै संस्थाहरू मध्य सबैभन्दा भ्रष्ट संस्था भनेर चिनिन्छ। नेपालमा भ्रष्टाचार निवारण ऐन र निर्वाचन कानुन त छन्, तर तिनीहरूको कार्यान्वयन पक्ष अत्यन्तै फितलो र कमजोर रहेको छ । सुकुम्बासी आयोगबाट घडेरी लिने नेताहरू अहिले अकूत सम्पत्तिको मालिक बनेका छन् । उच्च प्रशासकहरू, सेना तथा प्रहरीका उपल्लो तहका अधिकारी हरूको आर्थिक हैसियत असामान्य तरिकाले बढेको देखिन्छ । तर सम्पत्ति शुद्धीकरण, ट्याक्स अफिस, अख्तियार दुरुपयोग अनुसन्धान आयोगहरूले राजनीतिक हस्तक्षेपका कारण प्रभावकारी तरिकाले तिनीहरूको छानबिन गर्न सकिरहेका छैनन्, निष्पक्ष तरिकाले काम गर्न सकिरहेका छैनन् । किनभने यसमा उनीहरूको बीचको नेक्ससले काम गरेको छ ।

घूस नखाने पार्टी नै छैनभन्दा फरक पर्दैन । यदि छन् भने पनि आजको दिनमा तिनीहरू साना र कमजोर छन् । तिनीहरूले कानुनको पालना गरे पनि अन्य ठुला दलहरूले पालना नगर्दा लेबल प्लेइङ फिल्ड असमान हुन्छ र साना दलहरू हार्छन् । यस प्रकारको समस्या लगभग सबै विकासोन्मुख देशहरूमा व्याप्त छ, नेपाल अपवाद रहने कुरा भएन । यो समस्या कानुनी सुधारबिना समाधान हुँदैन तर कानुनी सुधार हुन्छ भन्ने कुरामा भने ठुलो सन्देह छ ।

### कसरी गर्ने चुनौतीको सामना ?

यी यावत चुनौतीहरूका बाबजुद पनि घूस नखाने पार्टी बनाउन सम्भव छ । राजनीतिक पार्टीहरूले शिक्षा र जागरण अभियान चलाउनु आवश्यक छ । सबै राजनीतिक पार्टीहरूले मिलेर जनतालाई भ्रष्टाचारको हानिबारे जागृत गरेर घूस नखाने पार्टी बनाउने कार्यमा समर्थन जुटाउन सकिन्छ । भारतको आमआदमी पार्टीले भ्रष्टाचार को मुद्दालाई सफलतापूर्वक उठान गरेर दिल्लीमा सरकार बनाउन सफल पनि भएको थियो ।

कानुनी सुधार गरेर यसमा सफलता हासिल गर्न सकिन्छ । सरकारले दलहरूलाई सार्वजनिक अनुदान दिने तथा चन्दाको सीमा तोक्ने नीति लागू गरेर घूस खाने काममा कमी ल्याउन सकिन्छ । प्रविधि प्रयोग गरेर पारदर्शिता बढाउन सकिन्छ । युएन वा ट्रान्सपरेन्सी इन्टरनेसनलजस्ता संस्थाहरूसँग सहकार्य गरेर घूस खाने कामलाई रोक्न वा निगरानी राखेर कम गराउन सकिन्छ ।

### निष्कर्ष

घूस नखाने पार्टी बनाउने कुरा अत्यन्तै चुनौतीपूर्ण छ, तर यो सम्भव छ । यी माथि छलफल गरिएका विषयहरूलाई मूल आधार बनाएर पार्टी सञ्चालनको पारदर्शी मोडेल अपनाउन सकेमा घूस नखाने पार्टी बनाउन सकिन्छ । नेतृत्वमा रहेका पुरानो पुस्ताहरूबाट युवा पुस्ताले नेतृत्व खोसेर आफ्नो हातमा लिएर यस्तो घूस नखाने पार्टी बनाउन सक्छन् । तर, यसका लागि युवा नेताहरूमा नेतृत्व गर्न सक्छु भन्ने राजनीतिक इच्छा शक्ति र पहलकदमी लिने हिम्मत हुनुपर्छ । यदि यस्तो पार्टी बनाउन सकियो भने नेपालको लोकतन्त्र पनि मजबुत हुनेछ र देशको विकासले पनि गति लिनेछ । हामी सबैले यस दिशामा सोच्नुपर्छ, र यस्तो प्रयास गर्ने युवा नेतृत्वलाई खुलेर सहयोग गर्नुपर्छ ।


## नवदुर्गा गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**नवदुर्गा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मणिलेक, डडेल्धुरा**


## डडेल्धुरा अस्पताल डडेल्धुरा

### समाजिक सेवा एकाईमा समावेश भएका लक्षित समूहहरू

| क्र.सं. | लक्षित समुह | आवश्यक कागजातहरू |
|---|---|---|
| १ | गरिब | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न चिकित्सक / स्वास्थ्यकर्मीद्वारा सेवाग्राही अवलोकनमा साथ वस्तुनिष्ट सिफारिस |
| २ | असहाय | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न चिकित्सक / स्वास्थ्यकर्मीद्वारा सेवाग्राही अवलोकनमा साथ वस्तुनिष्ट सिफारिस |
| ३ | अपाङ्ग भएको व्यक्ति | नेपाल सरकारबाट प्राप्त अपाङ्ग परिचय पत्र, परिचय पत्र-'क'वर्गकोलाई पूर्ण तथा 'ख' वर्गलाई छुट |
| ४ | जेष्ठ नागरिक | नेपाल सरकारबाट जेष्ठ नागरिकका रूपमा समाजिक सुरक्षा भत्ता पाउने गरी उपलब्ध गराईएको परिचयपत्र र नेपाली नागरिकताको प्रतिलिपी |
| ५ | लैङ्गिक हिंसा प्रभावित (बालवालिका समेत) | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन कार्यालय र अस्पतालको एकद्वार संकट व्यवस्थापन केन्द्रको लैङ्गिक हिंसा सिफारिस पत्र |
| ६ | महिला स्वास्थ्य स्वयम सेविका | महिला स्वास्थ्य स्वयम सेविका परिचय पत्र |
| ७ | प्राकृतिक प्रकोपबाट प्रभावित व्यक्ति | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन र सबन्धित निकायको सिफारिस पत्र |
| ८ | शहिद परिवार | शहिद परिवार परिचय पत्र |
| ९ | कुपोषित बालवालिका | उपचारमा संलग्न चिकित्सक/स्वास्थ्यकर्मीको सिफारिस |
| १० | लोपउन्मुख जाती | संवैधानिक व्यवस्था अनुसारका जातीहरु |
| ११ | दुर्घटना परेका र प्रहरीद्वारा ल्याईएको थुनुवा बिमारीहरू | संलग्न प्रहरी प्रतिवेदन र पत्र |

नोटः आवश्यक कागजात र प्रक्रिया नपुगेका व्यक्तिहरूलाई सामाजिक सेवा उपलब्ध हुने छैन ।

- हाललाई एक व्यक्तिलाई एक महिनामा एक पटक मात्र सामाजिक सेवा मार्फतको सेवा उपलब्ध गराईनेछ ।
- नयाँ विमारीका हकमा सामाजिक सेवा इकाई मार्फतको ओ.पि.डि. । टिकट बनाउने समय-सार्वजनिक बिदाका दिन बाहेक बिहिवार सम्म बिहान १०:०० बजे देखि दिउँसो १:०० बजेट सम्म र शुक्रबार १२:०० बजे सम्म मात्र बनाइने छ । साथै अन्य प्रयोजनका लागि दिउँसो कार्यालय अवधी भर मात्रै काउन्टर खुल्ला रहने छ ।

**सामाजिक सेवा एकाई**
**डडेल्धुरा अस्पताल डडेल्धुरा**

# एमाले उपाध्यक्ष पाण्डेले भने - विद्या भण्डारीलाई प्रतिबन्धको निर्णय फिर्ता लिन पार्टी बाध्य हुन्छ

**बिगूल समाचार**
**१७ भाद्र २०८२**

काठमाडौं। नेकपा एमालेका उपाध्यक्ष सुरेन्द्र पाण्डेले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको सदस्यता नवीकरण नगर्ने निर्णयमा पार्टी पुनर्विचार गर्न बाध्य हुने बताएका छन्। पार्टीको सो निर्णय नसच्चिएसम्म आफूहरू त्यसविरुद्ध लागिरहने उनले बताए । यसअघि विद्या भण्डारी समूहले गरेका कार्यक्रमहरूमा उपस्थित भएर उनको पक्षमा खुलिसकेका पाण्डेले सार्वजनिक रूपमै बोलेको भने यो पहिलो पटक हो ।

भण्डारीनिकट पत्रकार राजेश राई नेतृत्वको संस्था 'सेन्टर फर पब्लिक पोलिसी रिसर्च नेपाल'ले सोमबार आयोजना गरेको सञ्चारकर्मीहरूसँग अन्तरसंवादमा उनले भण्डारीलाई पार्टीमा प्रतिबन्ध लगाउने निर्णयको विरोध गरेका हुन् । पाण्डेले आफूले पार्टीको केन्द्रीय कमिटी बैठकमा सो निर्णयप्रति फरक मत राखेको जानकारी गराउँदै विधान महाधिवेशनमा पनि प्रतिवाद गर्ने बताए । 'विद्या भण्डारीको प्रवेशलाई पार्टीले रोक्छ भन्ने मलाई लाग्दैन,' पाण्डेले भने, 'फर्कंदैन भन्ने लागे पनि यो पार्टी फरक्क फर्कने स्थिति आउँछ । हामी आशावादी छौँ, जहाँसम्म यो कुरा सच्चिदैन, त्यहाँसम्म हामी पुग्छौं ।'

पाण्डेले एमालेमा अन्ततः सदस्यहरूको निर्णय नै प्रधान हुने र नेताहरूको प्रभाव त्यसका अगाडि टिक्न नसक्ने जिकिर गरे । 'एमालेमा सदस्यभन्दा शक्तिशाली कोही छैन । सदस्यहरूको निर्णय भएपछि कोही नेताको केही चल्दैन,' उनले भने, 'अन्ततः परिस्थिति उल्टिन बाध्य हुन्छ । अहिले शंका लाग्न सक्छ, तर अर्को साक्षात्कारमा हाम्रो भनाइ सही थियो भन्ने प्रमाणित हुनेछ ।' उनले एमालेमा एउटै धारको विचार नहुने, बहस र छलफलसँगै अघि बढ्ने परिपाटी रहेको पनि बताए । 'एमाले एकातिर हिँडिर हँदा, अर्कातर्फको बहस पनि सँगसँगै चलाउँछ । हामी अर्को बाटोको बहस गर्दै पनि अघि बढ्ने पा र्टी हौं,' पाण्डेले भने ।

## जनवर्गीय संगठनसम्मै फैलियो अन्तरसंघर्ष

एमालेमा पछिल्लो समय देखिएको अन्तर विरोध पार्टीका जनवर्गीय संगठनसम्म फैलिएको छ । यसअघि संस्थापन र भण्डारी पक्षधरबीचको अन्तरसंघर्ष पार्टी संगठनमा मात्रै सीमिति रहेकामा सोमबार देखि भने जनवर्गीय संगठन प्रेस चौतारीमा समेत ध्रुवीकरण देखिएको हो ।

'सेन्टर फर पब्लिक पोलिसी रिसर्च नेपाल' भण्डारीनिकट पत्रकार राजेश राई नेतृत्वको संस्था हो । राई तिनै व्यक्ति हुन, जसलाई प्रेस चौतारीमा अध्यक्षको उम्मेदवार हुनबाट संस्थापन पक्षले रोक्दै गणेश पाण्डेलाई अध्यक्ष बनाएको थियो । सोमबार भण्डारी पक्षधर नेता, कार्यकर्तासँगै सञ्चारकर्मी उपस्थित कार्यक्रममा वक्ता एमाले उपाध्यक्ष सुरेन्द्र पाण्डे मात्रै थिए । पार्टीको लोकतान्त्रीकरणका नाममा उनी आगामी भदौ २०-२२ मा हुने विधान महाधिवेशनमा आफ्नो पक्षमा जनमत बटुल्न रणनीतिक रूपमा कार्यक्रमको वक्ता भएका थिए । उनले भण्डारीलाई सक्रिय राजनीतिमा पार्टीले प्रतिबन्ध लगाउनु नहुने पुरानै धारणा दोर्याउँदै संगठित रूपमै अघि बढ्ने स्पष्ट सन्देश दिए । पूर्वराष्ट्रपतिलाई सक्रिय राजनीति गर्न संविधानले नरोक्ने उल्लेख गर्दै उनले पार्टीले निर्णय गरेर रोक्न र विधानमै व्यवस्था गरेर छेक्न नमिल्ने बताए ।

'नेपालको संविधानले कोही व्यक्तिलाई पार्टीमा काम नगर्न निषेध गरेको छैन । राष्ट्रपतिलाई पनि पार्टीको सदस्य नहुनु भनेको छैन । संविधानले निर्वाचित पद, मनोनीत र नियुक्ति भएको पद राष्ट्रपति भएपछि स्वतः जान्छ मात्रै भनेको छ,' उनले भने, 'यी ३ कुराबाहेक कुनै पार्टीमा लाग वा नलाग भनेर संविधानले भनेको छैन । संविधानले रोक्दै नरोकेको पार्टीमा लाग्न नपाउने भन्ने व्यवस्था, संविधानले नगरेको कुराचाहिँ कुनै एउटा पार्टीले विधान बनाएर रोक्न मिल्छ ? या निर्णय गरेर रोक्न मिल्छ ?' भण्डारीको पक्षमा वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्षहरू पाण्डे, युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्यलगायत पदाधिकारी खुलिसकेका छन् ।

१२ साउनमा जारी भएको अपानिमा आफूहरूको फरक मत नसमेटिएको भन्दै उपाध्यक्षद्वय पाण्डे र ज्ञवालीले केन्द्रीय कार्यालयमा निवेदन दिएका छन् । सो विषय विधान महाधिवेशनमा छलफल हुने पाण्डेले बताए । 'हामीले राखेको विमति छलफलमा समावेश गरियो भने विमति रहने नै भएन । यदि समेटिएन भने कायमै रहन्छ र हामीले उठाउनेछौं,' उनले भनेका छन्, 'हेर्दै जानुस्, विद्या भण्डारीको सदस्यताबारे निर्णय सच्याउने स्थिति आउँछ ।'

विधान महाधिवेशनमा आफूअनुकूल निर्णय गराउन रणनीतिक रूपमा अघि बढिरहेको भण्डारी पक्षले फरक दस्तावेज लैजाने तयारी गरेको छ । वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले दस्तावेज दर्ज गर्ने तयारी छ। यस्तै, प्रेस चौतारीको अध्यक्षका प्रत्यासी बनेर संस्थापनको दबाबका कारण छाडेका राजेश राई पनि भण्डारी समूहका कार्यक्रमहरूमा सक्रिय हुन थालेका छन् । विद्यार्थी संगठन, युवा संगठनमा स्पष्ट रूपमा भण्डारी समूह विस्तार भइसकेकामा अब भने प्रेस चौतारी नेपालमा पनि भण्डारी समूहले बलियो उपस्थिति देखाउने तयारी गरेको छ ।

## भण्डारी समूहले कार्यक्रम राखेका बेला संस्थापनको छुट्टै कार्यक्रम

यता, संस्थापन पक्षले भने भण्डारी पक्षले गर्ने कार्यक्रमसँग जुधाएर अर्को कार्यक्रम राख्ने गरेको छ ।

उपत्यकामा हुने उनी पक्षीय नेता, कार्यकर्ताको भेला वा मदन भण्डारी फाउन्डेसनले आयोजना गर्ने कार्यक्रमहरूमा पार्टी अथवा जनवर्गीय संघ, संगठनका नेता नजाऊन् भन्नका लागि छुट्टै भेलाको आयोजना गर्ने गरिएको छ ।

सोमबार पनि भण्डारी पक्षको कार्यक्रम हुने सार्वजनिक भएसँगै प्रेस चौतारी नेपालले लिपुलेकमा चीन र भारतले गरेको सम्झौताको सम्बन्धमा छलफल चलायो ।

जहाँ एमाले स्थायी कमिटी सदस्य राजन भट्टराई, सीमाविद् बुद्धिनारायण श्रेष्ठ र नेपाल-भारत सीमा अध्ययन समितिका संयोजक डा. विष्णु उप्रेतीलाई अतिथि बनाइएको थियो । यो संगै एमालेको आन्तरिक विवाद सडकमै पुगेको छ ।


## स्वास्थ्य कार्यालय डडेल्धुराको जनहितमा जारी सन्देश

- खोपले रोगबाट बचाउँछ त्यसैले सबै बालबालिकालाई पूर्ण खोप लगाउनुहोस् । नियमित खोप कार्यक्रममा सहभागी हुनुहोस् ।
- सुरक्षित मातृत्व - गर्भवती महिलाले कम्तिमा चारपटक गर्भजाँच गराउनुहोस् र स्वास्थ्य संस्थामा नै प्रसूति गराउनुहोस् ।
- गर्मी मौसममा हुन सक्ने झाडापखला लगायतका रोगहरूबाट बच्नका लागि साबुन पानीले हात धुनुहोस्, शुद्ध पानी पिउनुहोस्, खानेकुरा छोपेर राख्नुहोस् ।
- क्षयरोग नियन्त्रण दुई हप्ता भन्दा बढी खोकी लागेमा क्षयरोग परीक्षण गराउनुहोस् । क्षयरोगको औषधि पूर्ण अवधि सेवन गर्नुहोस् ।
- डेंगु रोकथामका पानी जम्ने भाँडाहरू खालीह गर्नुहोस्, लामखुट्टेको टोकाइबाट बच्नुहोस्, ज्वरो आएमा तुरुन्त स्वास्थ्य संस्थामा जानुहोस्
- पोषण सुधार हजार दिनका आमा र बच्चालाई पौष्टिक आहार दिनुहोस्,

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**जिल्ला स्वास्थ्य कार्यालय, डडेल्धुरा**

## जनहितमा जारी सन्देश

- बजारबाट खाद्य वस्तु खरिद गर्दा उत्पादन मिति (Manufacture Date), उपभोग मिति (Expiry Date) र ब्याच नम्बर अनिवार्यरूपमा जाँच गर्नुहोस् ।
- प्याकेजिङ्ग नभएका, दुर्गन्धित, फोहर तथा शंकास्पद वस्तु नकिन्नुहोस् ।
- गुणस्तर चिन्ह (जस्तैः NS मार्क) भएको वस्तु मात्र उपभोग गर्नुहोस् ।
- नुन, तेल, चिनी, दुधजन्य पदार्थ लगायत दैनिक उपभोग्य वस्तु खरिद गर्दा सरकारी मापदण्डमा आधारित छन् कि छैनन् भन्ने जाँच गर्नुहोस् ।
- कुनैपनि खाद्य वस्तुमा शंकास्पद गतिविधि देखिएमा वा म्याद नाघेका वस्तु बिक्री भइरहेको भएमा नजिकको उपभोक्ता मञ्च वा यस कार्यालयमा जानकारी गराउनुहोस् ।
- कस्वस्थ्य जिवनका लागि सुरक्षित खानेकुराको आवश्यकता हुन्छ । त्यसैले झिंगा भन्केका वा धूलो परेका खुल्ला रूपमा बेचिने मिठाई, पानीपुरी, चटपटे जस्ता खानेकुरा नखानुहोस् ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
**खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय डडेल्धुरा**

## आलिताल गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**आलिताल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भिमदत्तपूर, डडेल्धुरा**

## डिभिजन वन कार्यालय, डडेल्धुराको जनहितमा जारी सन्देश

वन संरक्षण हाम्रो दायित्व, समृद्धि र सन्तुलित वातावरणको आधार
वन छ भने जीवन छ, वन बचाऔं भविष्य बनाऔं।

**वन क्षेत्रमा अवैध रुपमा चरिचरन गर्ने, दाउरा काट्ने, घाँस संकलन गर्ने, आगो लगाउने, बालुवा गिट्टी उत्खनन गर्ने कार्य गैरकानुनी हो। यस्तो कार्य गर्नेलाई वन ऐनअनुसार कानुनी कारबाही गरिनेछ।**

सुदुरपश्चिम प्रदेश सरकार
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
**डिभिजन वन कार्यालय, डडेल्धुरा**


डडेल्धुरा जिल्लाबाट प्रकाशित लाल बिगूल राष्ट्रिय दैनिकका लागि प्रकाशक तथा सम्पादक : करन साउद,कार्यकारी सम्पादकः जानकी धामी कानुनी सल्लाहकारः- ओम प्रकास सावद, बजार व्यवस्थापकः मदन बोहरा प्रधान कार्यालय अमरगढी ०५ डडेल्धुरा सम्पर्क नं. ९८५८७५१६०० इमेल : lalbigul.news@gmail.com मुद्रणः न्यू कैलपाल अफसेट प्रेश डडेल्धुरा